जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९

# राजविराज दैनिक

स.जि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३० अंक ७९ २०७७ साल कात्तिक ४ गते मंगलबार (20 Oct. 2020 Tuesday) मूल्य रु. ५/-

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु:**

- हुलदङ्गा गर्नेलाई दुई वर्षसम्म कैद र बीस हजार रुपैयासम्म जरिवाना हुने,
- सार्वजनिक स्थानमा आवागमनमा बाधा गर्नेलाई तीन वर्षसम्म कैद वा तीस हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने,
- सार्वजनिक सेवा अवरुद्ध गर्नेलाई तीन वर्षसम्म कैद वा तीस हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने,
- सार्वजनिक शान्ति भङ्ग गर्ने, हुलदंगा गर्ने वा सार्वजनिक सम्बन्धलाई खलल पार्ने नियतले झुठ्ठा अफवाह फैलाउनेलाई एक वर्षसम्म कैद र दश हजार रुपैयाँसम्म जरिवाना हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

**Log on : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : दुई तिहाइको सरकार ... ३ पृष्ठमा : कैदीबन्दीलाई जोगाउन ... ३ पृष्ठमा : भारतमा कोभिड-१९ ...

# एक महिनामा २ सय २ फरार अपराधी पक्राउ
## चाडपर्व लक्षित प्रहरीद्वारा विशेष सुरक्षा योजना लागु

**दैनिक समाचारदाता**
**राजविराज, ३ कात्तिक ।**

अदालतबाट विभिन्न मुद्दामा कैद तथा जरिवाना सजाय पाई फरार रहेका २ सय २ अपराधीलाई सप्तरी प्रहरीले पक्राउ गर्न सफल भएको छ ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका अनुसार विगत एक महिनाको अवधीमा प्रहरीले विभिन्न मुद्दामा अदालतबाट कैद तथा जरिवाना सजाय तोकी फरार रहेका २ सय २ जना अभियुक्तलाई पक्राउ गर्न सफल भएको हो ।

पछिल्लो पटक एक साताअघि एकै दिन विभिन्न अपराधमा संलग्न भई फरार रहेका ३२ जनालाई प्रहरीले पक्राउ गरि अदालत समक्ष बुझाइसकेको प्रहरी उपरिक्षक राजेन्द्र धमलाले जानकारी दिएका छन् । पक्राउ पर्नेहरुमा कुटपिट, लुटपाट, जालसाजी, लेनदेन, बलात्कार, सवारी ज्यान र ज्यान मुद्दा लगायतका छन ।

पछिल्लो समय फरार अपराधकी पक्राउ गर्न प्रहरीले आक्रमक अभियान थालेपछि एकपछि अर्को सफलता मिल्दै गएको प्रहरी उपरिक्षक धमलाको भनाई छ । समाजमा भएको विद्यमान अपराध र बिकृती र बिसंगतिहरुलाई निरुत्साहित गर्न सुरु गरिएको अभियानमा सबै सचेत नागरिकले सहयोग गर्नु पर्ने उनको भनाई छ ।

यस्तै नेपालीहरुको महान चाडपर्व बिजया दशमी, दिपावली तथा छठ पर्वलाई लक्षित गरि प्रहरीले विशेष सुरक्षा योजनासहित प्रहरी परिचालन गरिएको जनाएको छ ।

जिल्लाको शक्तिपीठहरुमा आवश्यक निर्देशनसहित प्रहरी परिचालन गरिएको उनको भनाई छ । यस क्रममा विभिन्न क्षेत्रका नागरिकसँग छलफल गरि प्राप्त सुझावका आधारमा आगामी रणनीति र योजना तयार गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।




# संकटकाल/कफ्र्यु लाग्ने कुरा तथ्यहीन

काठमाडौँ, ३ कात्तिक (रासस) ।

गृहमन्त्रालयले विभिन्न विद्युतीय माध्यममा सङ्कटकाल र कफ्र्यु लाग्छ भनेर सार्वजनिक भएको सूचना तथ्यहीन रहेको जनाएको छ ।

मन्त्रालयले सोमबार एक विज्ञप्ति जारी गरी मोबाइल, सामाजिक सञ्जाललगायत विद्युतीय माध्यममा सुरक्षा संवेदनशील विषयसमेत जोडेर सङ्कटकाल र कफ्र्यु लाग्ने भन्ने सूचना सम्प्रेषण गरेको पाइएकाले गम्भीर ध्यानाकर्षण भएकोसमेत जनाएको छ ।

"उक्त सूचना तथ्यहीन, भ्रामक, निराधार र गलत भएको व्येहोरा सम्बन्धित सबैमा सूचीत गरिन्छ", मन्त्रालयद्वारा जारी विज्ञप्तिमा उल्लेख छ । यस्ता घटनालाई गम्भीरतापूर्वक लिइ आवश्यक अनुसन्धान प्रक्रिया अघि बढाइएको मन्त्रालयका प्रवक्ता चक्रबहादुर बुढाद्वारा जारी विज्ञप्तिमा भनिएको छ ।

# पोखरीमा दुई बालिकाको शव फेला

धनुषा, ३ कात्तिक (रासस) ।

दुई बालिका पोखरीमा मृत अवस्थामा फेला परेका छन् ।

धनुषाको लक्ष्मीनियाँ गाउँपालिका-१ सिनुरजोराका रामकुमार यादवकी आठ वर्षीया छोरी खुशी यादव र सोही ठाउँका उपेन्द्र यादवकी नौ वर्षीया छोरी राधिका यादव पोखरीमा डुबेर मृत्यु भएको अवस्थामा आइतबार साँझ भेटिएका हुन् ।

शनिबार दिउँसो आङ्गनमा खेल्दाखेल्दै हराएकी दुवै बालिका साँझसम्म घर नफर्केपछि खोजतलास गरिएको थियो । घरपरिवारले राति ८:४५ बजे लक्ष्मीनियाँ प्रहरी चौकीमा बालिका हराएको जानकारी गराएका थिए । प्रहरीमा खबर गरिएपछि खोजतलाश गर्ने क्रममा आइतबार साँझ स्थानीय बाबुजी यादवको पोखरीमा उनीहरुको शव पानीमा तैरिरहेका अवस्थामा फेला परेको धनुषाका प्रहरी नायब उपरीक्षक मकेन्द्रकुमार मिश्रले जानकारी दिनुभयो । दुवै बालिकाको डुबेरै मृत्यु भएको हुनसक्ने प्रहरीको अनुमान छ । घटनाका विषयमा थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ । दुवै बालिकाको शव परीक्षणका लागि प्रादेशिक अस्पताल जनकपुरमा राखिएको छ ।

# काँग्रेसका सबै सांसदहरुले दशैं भत्ता फिर्ता गर्ने

काठमाडौँ, ३ कात्तिक (रासस) ।

प्रमुख प्रतिपक्षी दल नेपाली काँग्रेसका सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले आफ्नो पार्टीका सङ्घीय सांसदलाई दशैं भत्ता फिर्ता गर्न निर्देशन दिनुभएको छ ।

काँग्रेसको सङ्घीय संसदीय दलका नेतासमेत रहनुभएका सभापति देउवाले सांसदहरुको दशैं खर्च सरकारले कोभिड-१९ सङ्क्रमणको उपचार र व्यवस्थापनमा खर्च गरोस् भनेर फिर्ता गर्नका लागि सोमबार बिहान निर्देशन दिनुभएको हो ।

काँग्रेस संसदीय दलको बैठकले पछि अनुमोदन गर्ने गरी सभापति देउवाले दिनुभएको

*बाँकी अन्तिम पृष्ठमा*

## सम्पादकीय

### धार्मिक कार्यक्रम पनि कोरोना चपेटमा, सतर्क रहौं

जिल्ला प्रशासन कार्यालय सप्तरीले कोरोना महामारीलाई लक्षित गर्दै वडा दशैंको अवधी भर सम्पूर्ण शक्तिपीठ तथा मन्दिरहरुमा प्रवेश तथा पूजापाठमा निषेधाज्ञा जारि गरेको छ । कोरोना संक्रमण एक व्यक्तिबाट अर्को व्यक्तिमा सर्ने भएकाले मन्दिरहरुमा दशैंको समयमा अत्याधिक भिड हुने गरेकोले सो निषेधाज्ञा लगाएको जनाएको छ । यसरी मन्दिरहरुमा लगाइएको निषेधाज्ञाका कारण अहिले दशैंको बेला मन्दिरहरु सुनसान देखिएको छ । चाडपर्वको बेला मानिसहरु मन्दिर पुगेर पुजापाठ गर्ने अवसर समेत यसपटक महामारीका कारण गुमाउनु परेको छ ।

हाल नेपालमा कोरोना महामारी द्रुत गतिमा फैलिदै गएको छ । समुदायस्तरमै कोरोना महामारी फैलिएको अवस्थामा यस्तो निर्णयप्रति कतिले समर्थन जनाएका छन् भने कतिपयले धार्मिक स्थलमा गरिएको हस्तेक्षपको बिरोध समेत गरेका छन् । महामारीप्रति जनता आफै सचेत हुनुपर्ने बेलामा प्रशासनले लगाएको निषेधाज्ञाका कारण अहिले मानिसहरु झनै त्रास बढेको छ ।

तसर्थ यस्तो बेलामा जनता आफै सचेत भई धार्मिक गतिविधी गर्नु नै उचित हुन्छ । बढी भिडभाड हुने स्थानमा नगई घरपरिवारमै पूजापाठ गरेर दशैं मनाउन सकिए सबैको यसमै कल्याण हुनेमा दुईमत नहोला ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती
Dr. Dinesh Upreti
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
कन्सलटेन्ट फिजिसियन
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
दुखाई विशेषज्ञ
Anaesthesiology & Critical Care Medicine
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# दुई तिहाइको सरकार सुशासनमा असफल



उपेन्द्र झा

आफ्नै पार्टी नेकपाभित्र प्रचण्डले तत्कालिन एमालेका शीर्षस्थ असन्तुष्ट नेताहरुलाई बटुली प्रधानमन्त्री केपी शर्मा ओलीलाई सरकार र पार्टी दुबै ठाउँबाट राजीनामा दिन ओलीमाथि दबाव बढाउने असफल प्रयास गर्दा ओलीको शातिर दाउपेचले प्रचण्डलाई एक्लै बनाई दिएको छ । बामदेव, भीम रावल तथा झलनाथ खनालले जागिर पाएर बिचरा प्रचण्डको क्रान्तिकारी अभियानलाई परित्याग गरेपछि प्रचण्डको अवस्था त्यसै दयनीय भएको छ । मन्त्री मण्डल पुनर्गठन, राजदूत नियुक्ति तथा अन्य महत्वपूर्ण जागिरमा नियुक्तिबारे प्रचण्डसंगको छलफलको प्रधानमन्त्री ओलीले कुनै आवश्यकता नै बुझेन ।नेकपाभित्र प्रचण्ड नेतृत्वक अन्तसंघर्ष समाप्त नभएपनि कमजोर अवस्थामा गएको बुझिन्छ ।

माओवादीको शान्तिपूर्ण अवतरणदेखि नै केपी शर्मा ओली यिनको व्यवस्थापनमा सक्रिय बनेको थियो । संविधान सभाको पहिलो चुनावमा माओवादीले २३९ सीट ल्याएर सबैलाई चकित तुल्याएको थियो । माओवादीको विशाल आकृति देखेर राज्यमा रजाँई गर्ने नेकपा एमाले र नेपाली काँग्रेस दुवै डराए । यता मधेशी दलहरुले पनि ८३ सीट पाउँदा परिवर्तनकारी शक्तिहरुको बहुमत देखिएबाट यथास्थितिवादी दुबै पार्टी डराएर शक्तिकेन्द्र धाउन थाले । नेपालमा कम्युनिष्ट शक्ति संविधान सभामा ६२ प्रतिशत भएको कुराले र चीनको यस पार्टीसंग प्रत्यक्ष सम्बन्ध भएको कुराले खासगरि भारत चिंतामा पऱ्यो । त्यसबेला भारतमा काँग्रेस आईको सरकार थियो । काँग्रेस सरकारसंग ओलीको गहिरो नाता रहेको सर्वविदित छ । पहिलो संविधान सभालाई परिणाममुखी हुन नदिन र अर्को नयाँ जनादेश लिन चुनावको घोषणा गराउने रणनीति तय भएर सोही निर्देशनको आधारमा पहिलो संविधान सभामा खेलहरु शुरु भएको थियो । प्रचण्ड युद्ध गर्न रणकौशलमा महारथ हासिल गरेको थियो भने ओली राज्यसत्ताको तिकडमी राजनीतिमा पारंगत गुरु खेलाडी थिए ।

आफ्नो साँख्यिक मदमा मदमस्त प्रचण्ड पहिलो संविधान सभामा उनको विरोधमा भई रहेको षडयन्त्रको आभास पनि पाएन । निर्देशित रणनीति अनुसार राजनीतिक गतिरोध खडा गरेर पहिलो संविधान सभाको बिना निष्कर्ष अन्त गराई संविधान सभाको दोश्रो जनादेश लिने चुनावको घोषणा गरियो । निर्देशन अनुसार संविधान सभाको दोश्रो बडो चमत्कारी चुनाव गराईयो र लोकतान्त्रिक शक्तिलाई शिखरमा पुऱ्याएर माओवादीलाई सानो आकारको तेश्रो शक्तिमा स्थापित गऱ्यो । नेपाली काँग्रेस पहिलो र एमाले दोश्रो शक्ति बनाएर परिवर्तनकारी शक्तिलाई उपस्थितिको लागि राखि दिएर संविधान सभाको सम्पूर्ण स्वामित्व पहिलो दोश्रो शक्तिलाई सुम्पियो । त्यतिबेला भारतमा काँग्रेसआईको सरकार थियो । परिवर्तकारी शक्तिलाई बाहिर निकालेर शासकवर्ग ( नेपाली काँग्रेस र एमाले) लाई संविधान सभाको निर्णायक भूमिका दिएपछि संघीय प्रणालीको विकृत स्वरुपबाट अधिकारवादीहरु त्यसै असन्तुष्ट भए । संविधान सभाले नेपालमा शान्ति कायम गर्ने अभिभारा पूरा गर्न सकेन । जन अपेक्षालाई उपेक्षा गरि शासकवर्गको हितमा प्रयोग हुने गरि संविधानको संघीय ढाँचा तयार पारि जनताको कडा विरोधमा नै संविधानको घोषणा गरियो ।यस कार्यमा नेपाली काँग्रेस, एमाले र माओवादी सबै एक ढिक्का थिए ।

माओवादीले युद्धमा देखाएको रणकौशलबाट सत्तालाई अनेक धक्काबाट कमजोर बनाउँदा आफु पनि कमजोर भई शान्तिपूर्ण अवतरण गर्न चाहन्थे । युद्ध संचालनमा आएको आरोह अवरोधलाई झेल्दै राज्यसंग सम्झौता गर्ने निर्णयमा पुगेपछि आगामी दिनका कठीन संघर्षलाई माओवादीले आकलन नै गरेको थिएन । खुला राजनीतिमा आएपछि प्रचण्डले प्रत्यक्ष रुपमा नेपाली काँग्रेस र एमालेलाई देखेपनि राजनीति शक्तिकेन्द्रको हातमा रहेको राम्रो अनुभव प्राप्त गऱ्यो ।

पहिलो चुनावको परिणामबाट नेपाल माओवादीको कब्जामा रहेको, नेपाली काँग्रेस र एमालेको प्रभूत्व समाप्त भएको परिस्थिति देखिएको थियो । चुनावको परिणामबाट लोकतान्त्रिक शक्ति केही तलमाथि भएपनि समाप्त हुने अवस्था रहँदैन । तर एमाले त समाप्त नै हुने, चिन्ताले ग्रसित एमाले अर्थात् केपी शर्मा ओली दक्षिणको आफ्नो आका काँग्रेस आईको सरकारसंग गुहार लगाए र अभयदान पनि पाए । शक्तिको मदमा शिखरमा रहेको प्रचण्डलाई ०७० सालको चुनावमा तल झारेर माथि उक्लेको एमाले अब शक्ति प्राप्त गरि सकेको थियो । ओली शक्तिमा आई सकेपछि दक्षिणमा उनको आकाको सरकार ढल्यो । होली वाइनलाई हिन्दूत्वको विचार बोक्ने भारतको नयाँ प्रधानमन्त्री नरेन्द्र मोदी आएदेखि नै मन परेको थिएन । आकाले हावाको भरमा आएको, ५ सालपछि आफै जान्छ भनेर ओलीलाई चिंता नगर्न भनेको थियो ।

शक्ति प्राप्त गरेपनि यसलाई थेग्न शक्तिकेन्द्रको आड भरोसाको आवश्यकता थियो । चीनसंग सम्बन्ध त थियो नै, यसलाई अझ गहिरो बनाउने दिशामा ओलीको आन्तरिक रणनीति थियो । संविधान निर्माणको बेला भारतको प्रधानमन्त्री नरेन्द्र मोदीको नेपाल भ्रमणको बेला आफ्नो भाषणमा "संविधानमा सबै वर्गको भावना परिलक्षित होस्" भन्ने सुझावको विरोधमा तीनवटै पार्टीले अर्को दिनको अखवारमा "हाम्रो आन्तरिक मामिलामा भारतको हस्तक्षेप" भनेर आलोचना गरेका थिए । संविधान घोषणाको पूर्व सन्ध्यामा संविधान घोषणालाई १५ दिन रोक्न आग्रह गर्न भारतले एस. जयशंकरलाई पठाउँदा त्यसको वेवास्ता गरि लगत्तै ०७२ असोज ३ गते ओली सरकारले संविधान घोषणा गऱ्यो ।

संविधान घोषणाको विरुद्धमा मधेश ले पहिले शान्तिपूर्ण आन्दोलन र त्यसपछि नाकावन्दी आन्दोलन शुरु गऱ्यो । असलमा भारतको चर्को विरोध नगरि चीनसंग गहिरो सम्बन्ध बन्दैन भन्ने रणनीति कै आधारमा तथा आकाको निर्देशन अनुसार नाकावन्दीको आरोप मोदीमाथि राखेर चीनसंग अन्तरंग सम्बन्ध जोड्न सफल भयो र यता अन्तर्राष्ट्रीय जगतमा भारतलाई बदनाम गर्न संयुक्त राष्ट्रसंघलाई समेत गुहाऱ्यो । यसरी चीनसंग गहिरो सम्बन्ध बनाउन ओलीले भारतसंग सम्बन्ध तोड्ने अभिप्रायले अपमानजनक व्यवहार गर्दै आयो । चीनसंग गहिरो सम्बन्धभन्दा पनि ओललीले आत्मसमर्पणको भावमा चीनसंग जोडिन पुग्यो । चीनले पनि ओलीको चाकडीबाट प्रभावित भई अभयदान दिएर संसदमा दुई तिहाईको हैसियतमा पुऱ्याई दियो । यहाँभन्दा चीनले बढि गर्ने अब केही छैन ।

अब ओलीजी नयाँ मुल्ला खोज्ने तरखरमा हुनुहुन्छ । सामान्य अवस्थामा आएको एमसीसीको विरोध गराएर मूल्य पनि बढाउनु भयो । यसलाई पास गराएर अमेरिकालाई खुशी पार्ने ओलीको रणनीति गजबको छ । चीनसंग सम्बन्ध बिग्रिने कुराको किञ्चित पनि चिन्ता छैन । चीन अक्रामक भयो भने उनको एक चीन नीतिको माला उतारेर फ्याँकि दिने अस्त्र नै काफी छ । भारतको अयोध्या र रामलाई नेपाल ल्याउन कुनै बाधाले छेकेन भने चीनको त्यो माला फ्याँक्न कति बेर लाग्ला ।ओलीलाई थाहा छ, विश्वयुद्धबाहेक नेपाललाई कुनै शक्तिराष्ट्रसंग कुनै खतरा छैन । अरुले परराष्ट्र सम्बन्धको मर्यादा मिचेर कसैसंग केही गर्न सकेन । ओली पहिलो प्रधानमन्त्री हो जसले यो मर्यादा तोडेर भरपूर लाभ उठायो र कुनै खतराको सामना गर्नु परेन ।

युद्धताका हिरोको रुपमा अवतरित प्रचण्डले एमालेको अस्तित्व नै छैन भनेर दावा गरेको थियो । तर एमालेको ओलीको साजिशमा परेको प्रचण्ड न त भारतसंग नै सम्बन्ध सुधार्न सक्यो न चीनसंग नै ।अमेरिकाले त आतंकवादी सूचीबाट नाम पनि हटाएको छैन । माइक्रो मेनेजमेन्टको अस्त्रबाट ओलीले प्रचण्डलाई काट्दै शक्तिहीन बनाएर आफ्नो खोरमा प्रभावहीन गरि राखेको कुरा कति लज्जास्पद हो ।

प्रचण्डको अवस्था ! शान्तिपूर्ण अवतरण गरि शक्तिशाली रुपमा उदाएको प्रचण्डलाई पहिले आफ्नो सहयोद्धाहरुले छाडे । शक्तिकेन्द्रको षड्यन्त्रको शिकार भएर माओवादी सानो आकारमा परिणत भयो । ओरालो लागेको मृग जस्तै सबैकुरा गुमाएर तत्कालिन एमालेको शरणमा पुगेर पनि आफ्नो स्वाभिमान बचाउन गाह्रो भएको छ । ओलीले प्रचण्डलाई समान हैसियत पनि दिन चाहँदैन । ओलीलाई चीनसंग सम्बन्ध बनाउन प्रचण्डको हात रहेको सुनिन्छ, । सत्यता जेहोस्, तर प्रचण्डले चीनसंग पनि सम्बन्ध बनाउन सकेन । अहिले पटक पटक स्वाभिमान घायल भई रहेको अवस्थामा पार्टी विभाजन गरेर सम्मानसाथ बाँच्ने धारणा पनि मरेर गई सकेको छ ।

यति सूक्ष्म कूटनीतिका साथ फयदा लिएर दुई तिहाई नजिक पुगेर सरकार बनाएको शक्तिशाली ओली सरकार सुशासन ल्याउन किन कमजोर भयो भन्ने कुरा समीक्षाको विषय हो । के जानी जानी ओलीले आफ्नो अकर्मण्यतालाई अगाडि सारेको छ ? वा राज्यले केही गर्न दिई रहेको छैन ? दुईटै कुरा तर्कहीन लाग्छ । बालुवाबाट तेल निकाल्ने क्षमता राख्ने ओली सरकार संचालनमा अदक्ष नै देखिएको छ । नयाँ नक्शा पास गराउन नेपालका सबै राजनीतिक दलहरुलाई (विरोधी र समर्थक) एकमत बनाउने ओलीलाई नेपालबाट भ्रष्टाचार उन्मूलन गर्न कसले रोकेको छ । ओलीले भनेको थियो - "म भ्रष्टाचार गर्दिन र कसैलाई गर्न दिन्न ।" के कारणले यो अभियान रोकियो ?

अहिले चारैतिरबाट प्रधानमन्त्री केपी शर्मा ओलीको आलोचना भइरहेको छ । कोरोनाको संक्रमण र भुखमरीले देखाएका नतिजा ठूलो समस्याको रुपमा आएको छ । सरकार यसबारे मौन छ । दाता राष्ट्रको प्रतीक्षामा मौन बसेको सरकार नेपाली जनताको मृत्युदरलाई रोक्न सक्छ ? सहयोग लिएर जीवनयापन गर्ने संस्कार बनाएका यी राजनीतिक दलहरुले राणाबाट सत्ता लिएको ७० वर्ष तथा प्रजातन्त्र स्थापना गरेको ३१ वर्षमा रोपिएको विकासको बिरुवा त हुर्काउन सकेन भने यसले देशको लागि के गर्न सक्छ आफै विचार गर्नुस् । *( मधेश दर्पण फिचर सेवा)*

# कैदीबन्दीलाई जोगाउन राष्ट्रिय मानव अधिकार आयोगको १३ बुँदे सुझाव

काठमाडौँ, ३ कात्तिक (रासस)।

राष्ट्रिय मानव अधिकार आयोगले कोभिड-१९ महामारीबाट थुनुवा तथा कैदीबन्दीलाई सुरक्षित राख्न कारागार सुधारसम्बन्धी १३ बुँदे सुझाव कार्यान्वयनका लागि सरकारलाई सिफारिस गरेको छ।

आयोगका सचिव वेदप्रसाद भट्टराइले सोमबार जारी गर्नुभएको प्रेस विज्ञप्तिमा कारागार सुधारका लागि पूर्व तयारी तथा प्रतिकार्य प्रयोजनका लागि एकीकृत निर्देशिका जारी गरी कार्यान्वयन गर्न र गराउन सरकारलाई सिफारिस गरेको हो।

कोभिड-१९ को महामारीको अवस्थाका बारेमा आयोगले सातै प्रदेशका २८ जिल्लाका कारागारको अनुगमन गरेको थियो। उक्त अनुगमन तथा निरीक्षणबाट प्राप्त तथ्य तथा प्रतिवेदनका आधारमा आयोगको यही असोज २८ गते बसेको बैठकले सो सिफारिस गर्ने निर्णय गरेको थियो।

सिफारिसमा कोभिड-१९ बाट कारागारमा रहेका कैदीबन्दी, सुरक्षाकर्मी तथा कर्मचारीमा हुनसक्ने सङ्क्रमण जोखिमलाई कम गर्न अपनाउनुपर्ने सावधानीका लागि अत्यावश्यक मास्क, स्यानिटाइजर, पञ्जा, फेससिल्ड, साबुन, ज्वरो नाप्ने यन्त्र, पीपीई सेटलगायत सामग्रीको लागि तत्काल बजेट व्यवस्थापन गर्न पनि भनिएको छ।

कारागारभित्र क्वारेन्टिन र आइसोलेशन वार्ड व्यवस्थापनका लागि पर्याप्त बजेट नभएकाले सोको व्यवस्थापन गर्न, कारागारभित्र सामाजिक दूरी कायम गर्न, स्थान अभावका कारण असम्भव देखिएकाले कारागारमा आपत्कालीन संरचना निर्माण गरी सामाजिक दूरी कायम गर्न गराउने अवस्था सिर्जना गर्न सिफारिस गरिएको छ। आयोगले कैदीबन्दीका लागि सङ्क्रमण जोखिम कम गर्न अपनाउनुपर्ने सावधानीका लागि स्यानीटाइजर, झोलिलो र पोषिलो खाना, पर्याप्त पानी, सरसफाइसहितको शौचालयको प्रबन्ध, तातोपानीलगायत विश्वस्वास्थ्य सङ्गठनको मापदण्ड पूरा भएको नपाइएकाले सोका लागि विद्यमान सिदा खर्च रु ६० अपुग भएकाले तत्काल थप बजेट व्यवस्थापन गर्न सिफारिस गरेको छ।

अस्पताल तथा अदालतबाट फर्किएका सुरक्षाकर्मी र कैदीबन्दीबाट अन्य कैदीबन्दीमा सङ्क्रमण फैलिनसक्ने उच्च जोखिम रहेको पाइएकाले छुट्टै क्वारेन्टिनको व्यवस्थापन गर्न र उनीहरुलाई अस्पताल तथा अदालत जाँदा पिपिइसहित पूर्ण स्वास्थ्य मापदण्ड पालना गर्न भनिएको छ। आयोगले अधिकांश कारागारमा कैदीबन्दीको सङ्ख्या क्षमताभन्दा अत्यधिक रहेको र दैनिकरुपमा सङ्ख्या वृद्धि भइरहेका सन्दर्भमा केही कारागारमा सवारीसाधन नरहेको तथा सञ्चालनमा रहेका सवारीसाधनको सङ्ख्या कैदीबन्दीको तुलनामा न्यून रहेको, मर्मतमा पर्याप्त बजेट नरहेकाले कैदीबन्दीलाई अस्पताल र अदालत तथा अर्धन्यायिक निकायमा तोकिएका समयमा उपस्थित गराउन समस्या रहेकाले पर्याप्त बजेटको व्यवस्थापन गर्न सिफारिस गरेको छ।

सिफारिसमा कारागारभित्र रहेका कैदीबन्दीको कोरोना सङ्क्रमणको कारण मृत्युसमेत हुने गरेको पाइएकाले र कतिपय कारागारमा स्वास्थ्यकर्मीको दरबन्दी रहेकामा दरबन्दीपूर्ति नहुँदा स्वास्थ्य उपचारको प्रभावकारी प्रबन्ध हुन नसकेकाले दरबन्दीबमोजिम स्वास्थ्यकर्मीको तत्काल व्यवस्थापन गर्न भनिएको छ। त्यस्तै कारागारभित्र रहेका ज्येष्ठ नागरिक र अन्य दीर्घरोगी बिरामीको जीवनको अधिकार संरक्षणका लागि कानूनबमोजिम पाउने सजाय छुटको व्यवस्थालाई अविलम्ब लागू गर्न र उनीहरुलाई औषधिको पर्याप्त व्यवस्थाका साथै छुट्टै बस्ने व्यवस्था गर्न सिफारिस गरिएको छ।

अनयाँ थुनुवा वा सरुवा भई आएका कैदीबन्दी वा कर्मचारी वा सुरक्षाकर्मीलाई कारागार प्रवेश गर्नुपूर्व अनिवार्य कोभिड-१९ परीक्षण गराई नकारात्मक पाइएका मात्रैलाई प्रवेशको व्यवस्था गर्न तथा थुनुवा, कैदीबन्दी, कर्मचारी, सुरक्षाकर्मीको नियमित आवधिक नमूना कोभिड-१९ परीक्षण गर्न भनिएको छ। सिफारिसमा दीर्घरोगी, ज्येष्ठ नागरिक, महिला कैदीबन्दीलाई सम्बन्धित जिल्ला कारागारमा नै राख्ने व्यवस्था गर्न र अत्यन्त पुरानो, जीर्ण तथा भूकम्पले क्षतिग्रस्त कारागार संरचना पुनःनिर्माण गर्न भनिएको छ।

सर्वोच्च अदालतबाट कारागारमा कैदीबन्दी उच्च जोखिममा रहेको देखिँदा कैदीबन्दीको जीवनको अधिकार संरक्षणका लागि तत्काल कारागारमा भिडभाड कम गर्न र कारागारभित्र नाजुक अवस्थामा रहेका आश्रित बालबालिका, गर्भवती महिला, स्तनपान गराउने महिला र जटिल स्वास्थ्य समस्या भएका कैदीलाई प्राथमिकताका आधारमा उनीहरुको अवस्थाको पहिचान गरी तत्काल रिहा हुने वा सजाय कम वा छुट गर्ने वा अन्य कुनै उपयुक्त विशेष निर्णय लिनेतर्फ अविलम्ब कदम अगाडि बढाउन अयोगले सरकारलाई सिफारिस गरिएको विज्ञप्तिमा उल्लेख छ।

# सार्वजनिक सवारी साधनमा चालक, सहचालक र यात्रुलाई 'भाइजर' अनिवार्य

काठमाडौँ, ३ कात्तिक (रासस)।

यातायात व्यवस्था विभागले सार्वजनिक सवारी साधनमा चालक, सहचालक र यात्रुले मास्कसँगै भाइजर(फेस सिल) को प्रयोग अनिवार्य गरेको छ। विभागले सोमबार सूचना जारी गर्दै कोभिड-१९ को सङ्क्रमण रोकथामका लागि छोटो, मध्यम र लामो गरी सबै दूरीका सवारी साधनमा यस्तो व्यवस्था गरिएको जनाएको छ।

सार्वजनिक सवारी साधनमा यात्रा गर्दा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयबाट जारी भएको स्वास्थ्य सुरक्षासम्बन्धी निर्देशिका तथा मापदण्ड पूर्णरुपमा पालना गर्नुपर्ने सूचनामा उल्लेख छ। विभागले सवारीसाधनमा साविक भाडादर कायम गरिएको पनि बताएको छ। मन्त्रिपरिषद्को गत २६ गतेको निर्णयानुसार सिट क्षमताअनुसार यात्रु राख्न पाउने व्यवस्थाका कारण सवारीसाधनले बढी भाडा लिन नपाउने भएका छन्। सरकारले गत महिना सिट क्षमताभन्दा आधा यात्रु राख्नुपर्ने र तोकिएकोभन्दा ५० प्रतिशत बढी भाडा लिन पाउने व्यवस्था गरिएको विभागका सूचना अधिकारी डा लोकनाथ भुसालले बताउनुभयो।

गत असोज २६ गते बसेको मन्त्रिपरिषद्को निर्णयका आधारमा सवारीसाधनले सिट क्षमताअनुसार यात्रु राख्न पाउने हुँदा बढी भाडा लिन नपाउने भएका हुन्। सरकारले यसअघि नै चालक सहचालकले सवारीसाधनमा मास्क, पञ्जाको प्रयोग अनिवार्यरुपमा गर्ने व्यवस्था गरेको थियो। सरकारले सवारीसाधनको ढोकामा र भित्र स्यानिटाइजर राख्नुपर्ने व्यवस्था गरेको छ। अहिले स्वास्थ्य सावधानी अपनाएर सवारीसाधन सञ्चालन गर्नुको विकल्प नभएको सूचना अधिकारी डा भुसालले बताउनुभयो। उहाँले भन्नुभयो, "मापदण्डको पालना भए/नभएको हामीले पनि अनुगमन गरिरहेका छौँ।"

# कोरोनाको परीक्षण र उपचार निःशुल्क गर्न काँग्रेसको माग

काठमाडौँ, ३ कात्तिक (रासस)।

प्रमुख प्रतिपक्षी दल नेपाली काँग्रेसले सरकारले कोभिड-१९ सङ्क्रमणको परीक्षण र उपचारको दायित्वबाट पन्छिन् गरेको निर्णयलाई अत्यन्तै गैर जिम्मेवार व्यवहारका रूपमा लिएको जनाएको छ।

कोरोनाले जनताको आर्थिक जीवनमा परेको असर दृष्टिगत गरेर सबैको दायित्व सम्हाल्ने कर्तव्य सरकारको भएको उल्लेख गर्दै काँग्रेसले सोमबार विज्ञप्तिमार्फत सङ्क्रामक रोग उपचारको कानूनी व्यवस्थाअनुरुप पनि सरकार जिम्मेवारीबाट पन्छिन नमिल्ने जनाएको हो।

"सर्वोच्च अदालतले केहीअघि निःशुल्करूपमा प्रबन्ध मिलाउन दिएको आदेशसम्म सरकारले पालना नगर्नुले जनता, मिडिया, प्रतिपक्ष, अदालत कसैको पनि नसुन्ने सरकार कसको सुन्छ ? भन्ने प्रश्न उब्जिएको छ", काँग्रेस प्रवक्ता विश्वप्रकाश शर्माद्वारा जारी विज्ञप्तिमा उल्लेख छ।

कोभिड अस्पतालको अनिश्चितता, सामुदायिक आइसोलेसन तयार गर्न ढिलाइ, भेन्टिलेटर अभाव, रेमडिसिभर औषधिको कालोबजारी, अव्यवस्थित क्वारेन्टिन र शव व्यवस्थापनसम्म लहडको नीतिले 'सरकारको बौद्धिक र भौतिक दुवै अस्तित्वमा भयानक प्रश्न चिन्ह' खडा गरिसकेको उहाँको टिप्पणी छ। उपचारको दायित्वबाट पन्छिएपश्चात् त 'देशमा सरकार छ' भन्ने बचेखुचेको भ्रमको अन्त्य गर्न सरकार आफैँ उद्दत रहेको पुष्टि भएको काँग्रेसको आरोप छ।

सांसद विकास कोष, दशैँ भत्तालगायत खारेज गरेर जनताको जीवन जोगाउन लगानी बढाउनु सरकारको कर्तव्य भएको उल्लेख गर्दै काँग्रेसले कोरोना परीक्षण र उपचार निःशुल्करूपमा गरेर महामारीबाट जनतालाई जोगाउन विशेष संवेदनशीलताका लागि सरकारलाई अपिल र आग्रह गरेको छ।

## विश्व समाचार

### भारतमा कोभिड-१९ संक्रमितको संख्या ७५ लाख नाघ्यो

नयाँ दिल्ली, ३ कात्तिक (रासस/सिन्ह्वा)।

भारतमा सोमबार कोरोना भाइरस (कोभिड १९) सङ्क्रमितको संख्या ७५ लाख नाघेको छ। सोमबार बिहानसम्म प्राप्त समाचारअनुसार भारतमा कोरोना सङ्क्रमित संख्या ७५ लाख ५० हजार २७३ पुगेको छ। यस सङ्क्रमणबाट ज्यान गुमाउने व्यक्तिको संख्या १ लाख १४ हजार ६१० जना पुगेको यहाँको स्वास्थ्य मन्त्रालयले जनाएको छ। भारतमा गत २४ घण्टामा ५५ हजार ७२२ जनामा थप सङ्क्रमण देखिएको र कोरोना सङ्क्रमणको कारण ५७९ जनाको मृत्यु यहाँको परिवार तथा स्वास्थ्य मन्त्रालयलले जानकारी दिएको छ।

अझै पनि भारतभरी ७ लाख ७२ हजार ५५ व्यक्ति संक्रिय सङ्क्रमित रहेका छन्। कोरोनाको सङ्क्रमण देखा परेयता हालसम्म ६६ लाख ६३ हजार ६०८ जना सङ्क्रमित व्यक्तिहरु कोरोना भाइरस मुक्त भएका छन। सङ्क्रमणमुक्त भएकाहरुको संख्यामा भारत अग्रस्थानमा रहेको छ। भारतमा सङ्क्रमित अवस्थामै रहेकाहरुको सङ्ख्या अहिले आठ लाखभन्दा कम भएको छ। यसअघि नौ, दश लाख सङ्क्रमितहरु रहने गरेकोमा केही यताबाट घटेर आठ लाखभन्दा कम भएको अधिकारीहरुले जनाएका छन्।

केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले गत शनिबार दिएको जानकारीअनुसार पछिल्लो ४५ दिनयता सङ्क्रमित अवस्थामै रहेकाहरुको यो सङ्ख्या अहिलेसम्मकै कम हो। कोरोनाको सङ्क्रमण देखा परेयता भारतमा सोमबारसम्म ९ करोड ५० लाख ८३ हजार ९७६ व्यक्तिलाई कोरोना भाइरस भएको या नभएको परिक्षण गरिएको भारतीय मेडिकल रिसर्च काउन्सिल (आइसीएमआर) ले जानकारी दिएको छ।

जोन्स हकिन्स विश्वविद्यालयले दिएको पछिल्लो विवरणअनुसार कोरोना भाइरसको सङ्क्रमणको कारण विश्वभरि हालसम्म ११ लाख भन्दा बढीको मृत्यु भएको छ। विश्वभरि महामारीको रुपमा फैलिएको कोरोनाभाइरस (कोभिड-१९) का कारण विश्वमा चार करोड भन्दा बढी मानिस सङ्क्रमित भएका छन्।

### भियतनाममा बाढीबाट ९० जनाको मृत्यु

हनोइ, ३ कात्तिक (रासस/सिन्ह्वा)।

गएको कम्तीमा पनि दुई हप्तायतादेखि भियतनाममा जारी रहेको बाढी र पहिरोका कारण कम्तीमा पनि ९० जनाको ज्यान गएको यहाँका प्राकृतिक प्रकोपको उद्धार सम्बन्धी अधिकारीहरुले जनाएका छन्। ती अधिकारीका अनुसार भियतनाममा बाढीका कारण यहाँको जनजीवन कष्टकर बनेको छ। भारी वर्षासँगै आएको बाढी पहिरोबाट पछिल्लो एक हप्ताभित्र कम्तीमा ९० जनाको मृत्यु भइसकेको उनीहरुले बताएका हुन्।

साथै ती अधिकारीहरुका अनुसार उक्त बाढी र पहिरोमा परी अरु कम्तीमा पनि ३४ जना व्यक्ति हराइरहेका छन्। बाढीमा परेर सैनिक ब्यारेक समेत बगाएको बताइएको छ। यहाँका सुरक्षा अधिकारीहरुले यसरी सैनिक ब्यारेक बगाउँदा त्यसमा रहेका सैनिकमध्ये ११ जना सैनिक बेपत्ता भएका छन्।

उद्धारकर्मीहरुले हराएका ती सैनिक र अरु स्थानीयहरुको खोजी कार्य जारी नै रहेको बताएका छन्। उनीहरुको खोजी कार्य अहिले पनि जारी रहेको सोमबार बताइएको छ। भियतनामको मध्य क्षेत्रका कतिपय राज्यहरुमा नै असर परेको छ। जसका कारण यहाँका कम्तीमा पनि ३७ हजार घरमा क्षति पुगेको छ भने यहाँका १ लाख भन्दा बढी व्यक्ति प्रभावित भएका छन्। भियतनाममा यही अक्टोबर ६ देखि विभिन्न स्थानमा भीषण वर्षा हुँदा स्थानीय नागरिकका पाँच लाखभन्दा बढी चौपाया पनि मरेका छन्। त्यस्तै कतिपय स्थानमा पहिरोले बस्ती नै बगाएको छ।

### विश्वमा कोभिड-१९ संक्रमितको संख्या करिब चार करोड

वासिङ्टन, ३ कात्तिक (रासस/एएनआइ)।

विश्व कोरोना भाइरस (कोभिड १९) सङ्क्रमितको संख्या करिब चार करोड पुगेको जोन्स हप्किन्स विश्वविद्यालयले सोमबार दिएको पछिल्लो अपडेटमा जनाएको छ। यद्यपी विश्वका केही अन्तर्राष्ट्रिय सञ्चार माध्यम कोरोना भाइरस सङ्क्रमितको चार करोड नाघेको जनाएको छ। उक्त विश्वविद्यालयका अनुसार विश्वभरी तीन करोड ९९ लाख ६७ हजार ७३६ जना कोभिड १९ सङ्क्रमित भएका छन्। यस सङ्क्रमणको कारण विश्वभरी ११ लाख १३ हजार ३५२ व्यक्तिको मृत्यु भएको पनि सो विद्यालयले जानकारी दिएको छ।

यसैबीच विश्वभरी रहेका कुल सङ्क्रमित मध्ये करिब ३ करोड व्यक्ति कोरोना भाइरस मुक्त भएका बताइएको छ। भाइरसका कारण सब भन्दा बढी प्रभावित देश संयुक्त राज्य अमेरिकामा ८१ लाख ५० हजार भन्दा बढी व्यक्ति सङ्क्रमित रहेका छन्। कोरोना सङ्क्रमणबाट सबैभन्दा धेरै नागरिकको मृत्यु हुने देशमा पनि अमेरिका पर्दछ। उक्त विश्वविद्यालयका अनुसार कोरोना सङ्क्रमणबाट अमेरिकामा दुई लाख १९ हजार ६७४ जनाको मृत्यु भएको छ। उक्त विश्वविद्यालयको तथ्यांकअनुसार अमेरिकामा पछिल्ला दिनहरुमा पनि ठूलो संख्याका सङ्क्रमितहरु थपिने गरेका छन्।

कोरोना भाइरस सङ्क्रमणबाट भारत र ब्राजिल दोस्रो र तेस्रो स्थानमा परेको छ। भारतमा ७५ लाख ५० हजार २७३ जना कोरोना भाइरस सङ्क्रमति रहेका छन्। कोरोना सङ्क्रमणबाट १ लाख १४ हजार ६१० जनाको मृत्यु भएको छ। विश्वको तुलनामा सङ्क्रमणमुक्त भएकाहरुको संख्यामा भारत अग्रस्थानमा रहेको छ।व्स भारतमा ६६ लाख ६३ हजार ६०८ व्यक्तिलाई कोरोना भाइरस निको भएको छ।

ब्राजिलमा ५२ लाख २४ हजार ३६२ व्यक्ति कोरोना सङ्क्रमित रहेका भने एक लाख ५३ हजार ६७५ जनाको मृत्यु भएको छ। चौथो स्थानमा रहेको रुसमा १४ लाख ६ हजार ५०४ जना सङ्क्रमित रहेका भने २४ हजार २१२ जनाको मृत्यु भएको छ। विश्व स्वास्थ्य संगठनले गत मार्च ११ कोभिड १९ लाई 'विश्व महामारी'को घोषणा गरेको थियो।

# काउन्सिलका अनलाइन उजुरीबाहेक सबै सेवा बन्द

काठमाडौँ, ३ कात्तिक (रासस)।

प्रेस काउन्सिल नेपालले अनलाइन उजुरीबाहेक अन्य सेवा प्रवाह सोमबारदेखि बन्द गरेको छ। काउन्सिलका उपप्रशासकीय अधिकृत रामशरण बोहराले एक सूचना जारी गर्दै कोभिड- १९ को सङ्क्रमणको जोखिम बढेकाले हाललाई अनलाइन उजुरीबाहेकका सबै सेवा बन्द गरिएको जानकारी दिनुभयो।

उहाँले काउन्सिलका चार जना कर्मचारीलाई सङ्क्रमण देखिएकाले अन्य कर्मचारीमा समेत सङ्क्रमणको भयावह रुप लिनसक्ने अवस्थालाई मध्यनजर गर्दै दशैँ अगाडि सबै सेवा स्थागित गरिएको जानकारी दिनुभयो। "दशैँको पूर्वसन्ध्यामा काउन्सिलबाटै कोभिड- १९ को सङ्क्रमणले भयावह रुप लिनसक्ने अवस्थालाई मध्यनगर गरी क्षमता र परिस्थितिअनुसार सकुशल रहेका कर्मचारीले आआफ्नो घरबाट अनलाइन उजरी र स्वअनुगमनसम्बन्धी कार्य गर्नेगरी सोमबारदेखि अर्को व्यवस्था नभएसम्मका लागि अनलाइन उजुरीबाहेक अन्य सेवा स्थगित गरिएको छ", जारी सूचनामा भनिएको छ। काउन्सिलका एक अधिकृत, दुई वरिष्ठ सहायक र हलुका सवारी चालकलाई सङ्क्रमण देखिएको छ।

## काँग्रेसका सबै ...

निर्देशनबमोजिम सोमबारै सबैलाई पत्राचार गरिने पार्टीका प्रमुख सचेतक बालकृष्ण खाँणले राससलाई जानकारी दिनुभयो। प्रमुख सचेतक खाँणले कोरोना सङ्क्रमण महामारीमा नागरिकको जीवनरक्षा गर्ने पहलो दायित्व र कर्तव्य सरकारको भएको बताउनुभयो।

उहाँले यस्तो सङ्कटको अवस्थामा कोरोना सङ्क्रमितलाई अस्पताल नआउनुस् भन्ने र परीक्षण तथा उपचार पनि निःशुल्क नगर्ने भन्ने सरकारको निर्णय गैरजिम्मेवार र अनुउत्तरदायी भएको बताउँदै उक्त निर्णय तत्काल फिर्ता लिन सरकारसँग माग गर्नुभयो।


## आइडियल सहकारी संस्था लिमिटेड

### एकाइसो वार्षिक साधारण सभा सम्बन्धी सूचना

यस संस्थाको मिति २०७७ असोज १८ गते बसेको संचालक समितिको १९३ औं बैठकको निर्णय अनुसार यस संस्थाको एकाइसो वार्षिक साधारण सभाको कार्यक्रम सहकारी विभागको मिति २०७७ असोज १ गतेको पत्र संख्या ०७७/०७८ चलानी नं. २०२ मार्फत सहकारी संस्थाको साधारण सभा सम्बन्धमा जारी सुचना बमोजिम गर्नु पर्ने भएकोले करोना भाइरस (कोभिड-१९) महामारीलाई मध्ये नजर गर्दै सामाजिक दुरी कायम गर्दै कार्तिक ४, ५, ६, १२, १३, १४, १६, १७, १८ गते नौ दिनसम्म प्रतिनिधीमुलक वार्षिक साधारण सभा मुख्य कार्यालय लगायत सेवा केन्द्रहरुमा गर्नु पर्ने भएकोले निम्न मिति, स्थान र समयमा देहाय अनुसारका प्रस्ताव उपर निर्णयार्थ छलफल गर्न उपस्थितिका लागि सम्पुर्ण शेयर सदस्य महानुभावहरुमा सादर अनुरोध छ।

**साधारण सभा हुने मिति, स्थान, समय**

क) २०७७ कार्तिक २२ गते शनिवार बिहान ९ बजे
ख) स्थान: मुख्यकार्यालय, राजबिराज ४ मेनरोड
ग) प्रतिवेदन उपर थप छलफल तथा सल्लाह, सुझाव र उपस्थिती : गर्नका निम्ती मिति ४ गते देखी १८ गते कार्तिकसम्म मुख्य कार्यालय संगै दुवै सेवा केन्द्रहरु हनुमाननगर र पातो समय १० बजेदेखी ५ बजे सम्म।

**साधारण सभामा छलफल तथा निर्णय का लागि प्रस्तुत गरिने प्रस्तावहरु**

१. संचालक समितिको तर्फबाट अध्यक्षको प्रतिवेदन सम्बन्धमा।
२. आ.व. २०७६/०७७ को लेखा परीक्षण प्रतिवेदन सम्बन्धमा।
३. लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन सम्बन्धमा।
४. आ.व. २०७७/०७८ को अनुमानित वार्षिक वजेट तथा कार्यक्रम सम्बन्धमा।
५. आ.व. २०७७/०७८ को लागि लेखा परिक्षकको नियुक्त तथा पारिश्रमिक सम्बन्धमा।
६. संस्थाको विनियम पुनरलेखन सम्बन्धमा।
७. नीति तथा कार्यविधीहरु पारित गर्ने सम्बन्धमा।
८. साधारण सभाको निर्णय पुस्तिकामा प्रमाणित गर्ने प्रतिनिधि चयन सम्बन्धमा।
९. पारिश्रमिक तथा सेवा सुविधा सम्बन्धमा।
१०. संचालक समिति तथा लेखा सुपरिवेक्षण समिति निर्वाचन (चयन) सम्बन्धमा।
११. बिविध

**आज्ञाले**
बिनोद कुमार साफी
(व्यवस्थापक)
**आईडियल सहकारी संस्था लिमिटेड**
राजबिराज-४, सप्तरी
फोन नं.: ०३१-५२१३९९, ५२३८०६


**पत्रकार आचारसंहिता, २०७३ (पहिलो संशोधन २०७६) र बालमैत्री सञ्चार निर्देशिकामा भएका व्यवस्थाको पालना गरौं।।**
**पीडित वा प्रभावित व्यक्तिलाई थप पीडा हुने गरी सूचना सम्प्रेषण नगरौं।।**

- पत्रकार तथा सञ्चार माध्यमले विपत्ति वा शोकमा परेका, दुःख-पीडा भोगिरहको व्यक्ति वा उनका आफन्तजनमा थप पीडा पुग्ने गरी वा सावर्जनिक संवदेनशीलतामा प्रतिकूल असर पर्ने गरी कुनै पनि विवरण, समाचार, श्रब्यदृश्य, संकेत लगायतका सामग्री उत्पादन, प्रकाशन, प्रसारण र वितरण गर्नु हुँदैन।
- सञ्चारमाध्यमले यौन अपराध वा सामाजिक विभेद तथा घृणाका कारण उत्पन्न घटना वा मानवता विरोधी अपराधबाट प्रभावित व्यक्ति (Surviver) वा पीडित व्यक्ति (Victim) लाई नकारात्मक असर पार्न सक्ने सामग्री उत्पादन, प्रकाशन, प्रसारण र वितरण गर्नुहुँदैन। त्यस्तो अवस्थामा प्रभावित व्यक्तिको स्वीकृति बिना र प्रभावको मूल्यांकन नगरी प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा प्रभावित वा निजका तर्फबाट उजुरी दिने व्यक्तिको नाम, ठेगाना र पहिचान प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा खुलाउनु हुँदैन।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**

# सूचना

**हाल कोरोना भाइरस महामारीको कारण बन्दाबन्दीको समयमा सञ्चारक्षेत्रमा संलग्न बाहेकका ब्यक्तिहरुले सञ्चार क्षेत्रको हवाला दिंदै सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा अफवाहपूर्ण विषय सम्प्रेषण गर्ने, अनधिकृत रुपमा परिचय-पत्र, पोशाक सवारी साधनको प्रयोग गर्ने र सामाजिक मर्यादा विपरितका क्रियाकलाप गरेको गुनासो आएको हुँदा कोहि कसैले पनि गैर कानूनी क्रियाकलाप नगर्नु हुन अनुरोध छ। यदि यस्तो भएको पाईएमा कानूनबमोजिम कारबाही हुने ब्यहोरा सूचित गरिन्छ।**

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# हमरा सभक जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोकेय लेल अपनाबु होशीयारी

- कोराना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमसँ फैलऽवाला संक्रमण अछि।
- संक्रमित भेल ब्यक्तिसँ खोकला आऽ छिँकलासँ निकलैवाला थुक आऽ पोटाकऽ माध्यमसँ यी भाइरस एक ब्यक्ती सँ दोसर ब्यक्तिमे फैलइ अछि।

**यी रोगसँ बचबाक लेल की करैय परतई ?**

- खोकैत आऽ छिँकैत काल नाक, मुख झापु आऽ प्रयोग क्यालगेल टिसूपेपरकऽ तुरन्त कुडा फेकेवाला कुडादानीमे फेकू।
- समय-समयमे साबुन पाइनसँ निकसँ मैलमैलकऽ २० सेकेण्डधरि हात धोबु। आऽ सनिटाइजर हातमे लगाबु। ककरोसँ भेटैछी त हात नहिं मिलाबु। खाली नमस्कार आऽ प्रणाम केल करू।
- खोकी लागल आदमीसँ दुरी बनाकऽ रहु। आऽ अगर अपनहूके खोकी लागल अछि त दोसर आदमीसँ दुर रहु। भीडभाडमे नहिं जाउ आऽ दोसरो लोग सभके भीडभाडमे नहिं जाउ से कहिके बुझाबु।
- आवश्यकता पडलापर मास्कके उचीत प्रयोग करू।

**आरो ध्यान देववाला बात :**

- बुखार लगलापड, खोकी भेलापड आऽ साँस लेलापर दिकत भेलापर जल्दिसँ लगके स्वास्थ्य संस्थामे सम्पर्क करू।
- कोरोना भाइरस रोगके बारेमे बेसी जानकारीके लेल पैसा नहिं लागैवाला टेलीफोन नम्बर १११५ मे फोन कऽ सकैछी।
- डेराऊ नहिं, सतर्क रहू।

**तिलाठी कोइलाडी गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी**


देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्। हाम्रो सेवाहरु
**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*